प्रधान कार्यालय
सामान्य सेवा विभाग

**ATM Paper Roll (Receipt & Journal Roll) ८६०० रोल खरिद गर्नेबारे सिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति : २०७६/११/२०)**

**बोलपत्र न. NBL/NCB57/G076/77**

यस बैंकको लागि आवश्यक ATM Paper Roll (Receipt & Journal Roll) ८६०० रोल गोप्य सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले ३० दिन (२०७६/१२/१९) भित्र इच्छुक फर्म वा सप्लायर्सहरुले यस विभागबाट उपलब्ध हुने बोलपत्र फारम भरी ३१ औ दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारमको लागि रु.३,०००/-(पछि फिर्ता नहुने गरी) यस बैंकको न्यूरोड, भूगोलपार्क स्थित काठमाडौं बैकिङ्ग अफिसमा रहेको खाता नं.००२००१०६७११२८३००००१ मा जम्मा गरि, सो रसिदको आधारमा यस बैंकको सामान्य सेवा विभागबाट बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र पेश गर्दा फर्म, संस्था वा कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा वाणिज्य विभागको कार्यालयमा दर्ताको नबिकरण सहितको प्रमाणपत्र/ व्यवसाय दर्ताको नबिकरण सहितको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN), आर्थिक वर्ष २०७५/७६ सम्मको आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र पेश गरेको कागजात, कम्पनीको हकमा प्रवन्धपत्र, नियमावलीको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
३. बोलपत्रदाताले धरौटी वापत रु.५७,०००/-(अक्षरेपी सतावन्न हजार मात्र) यस बैंकको न्यूरोड, भूगोलपार्क स्थित काठमाण्डौं बैकिङ्ग अफिसमा रहेको खाता.नं.००२००१०६७११२८००००००१ मा नगद जम्मा (भौचरमा रकम जम्मा गर्दा आफूले सप्लाई गर्न चाहेको सामाग्रीको विविरण लेखी बोलपत्रदाताको नाम खोल्नु पर्नेछ ) गरेको सक्कल भौचर वा सो बराबरको रकम को बोलपत्र पेश गर्ने अन्तिम मितिबाट प्रारम्भ हुने गरी न्यूनतम १२० दिन अवधि भएको अन्य वाणिज्य बैंकबाट जारी बिड बण्ड जमानत अनिवार्य रुपले पेस गर्नु पर्नेछ । १२० दिन भन्दा कम अवधिको बैंक जमानत संलग्न भएको बोलपत्र स्वत: रद्द हुनेछ ।
४. यस सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समय सम्म यस विभागबाट उपलब्ध हुने बोलपत्र फारम खरिद गरी ३१ औं दिन (२०७६/१२/२०) को बिहान ११:०० बजे सम्म बुझाई सक्नु पर्नेछ र प्राप्त बोलपत्रहरु सोहि दिनको १२:३० बजे यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा खोलिनेछ ।
५. रित नपुगेको र म्याद नाघी आएको बोलपत्र तथा बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
६. खरिद गरिने सामानहरुको specification एवं विस्तृत विवरण बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।
७. बोलपत्र मान्य हुने अवधि बोलपत्र बुझाउने अन्तिम दिनबाट ९० दिनको हुनेछ ।
८. अन्य व्यहोरा बोलपत्र आवेदन फारममा संलग्न कागजात अनुसार हुनेछ । कुनै थप जानकारीको लागि कार्यालय समय भित्र यस बैंकको प्रधान कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिनेछ ।